The Woolwich Centre
35 Wellington Street, Woolwich
London
SE18 6ND
Tell:020 8176 5330
Email: greenwich.primarycare@selondonics.nhs.uk
Website: www.selondonics.org

**Recipient's name**
Address 1
Address 2
Address 3

Address 4

DATE

## क्लोभर हेल्थ सेन्टर बारे महत्त्वपूर्ण सूचना

प्रिय

तपाईं यस क्लोभर हेल्थ सेन्टरमा  दर्ता भएको बिमारी भएको हुँदा तपाईंलाई यस जीपी सर्जरी  बन्द हुने जानकारी गराउन र अर्को सर्जरीमा कसरी दर्ता गर्ने भन्ने जानकारी दिनका लागि म यो पत्र  लेख्दैछु।

**<u>मेरो जीपी सर्जरीमा के भइरहेको छ?</u>**

क्लोभर हेल्थ सेन्टर द्वारा प्रदान भैराखेका प्रारम्भिक हेरचाह सेवाहरू  सेप्टेम्बर २९  शुक्रबार १८:३०  बजे बाट समाप्त हुने योजना छ। यो समय उपरान्त  बिरामीहरूले चिकित्सा सेवाहरू प्राप्त गर्न सक्ने छैनन्।

यो सर्जरी बन्द हुनुको कारण यसको अनुबन्ध  समाप्त हुने भएको र सावधानीपूर्वक विचार गरे पश्चात् यो सेवा नवीकरण नगर्ने निर्णय भएको हो । हामी बुझ्दछौं कि यो समाचारले तपाईं  लाई चिन्ता हुन सक्छ, तर हामी तपाईलाई विश्वस्त गराउन चाहन्छौं कि नयाँ बिरामीहरू लिने अन्य सजरीहरू उपलब्ध छन्। हामी विश्वस्त छौं कि अन्य ग्रीनविच जीपी सर्जरी हरूले क्लोभरमा दर्ता भएका सबै बिरामीहरूलाई दर्ता गर्न सक्छन।

**<u>अब मैले के गर्नु पर्छ?</u>**
**तपाईंले आफ्नो घरको ठेगाना कभर गर्ने आफ्नो मनपर्ने कुनै अर्को जीपी सर्जरीमा  सकेसम्म चाँडो र ३० सेप्टेम्बर २०२३ अघिनै  दर्ता गर्नु पर्ने हुन्छ।**

निम्न सूचीका सर्जरीहरूमा  नंया बिमारी लिने क्ष्यमता छ र यी सबै क्लोभर हेल्थ सेन्टर साइटको नजिक छन तर तपाईं बस्ने ठाउँको नजिक अरू पनि हुन सक्छन्।

| सर्जरीहरु | दूरी (माइल) | ठेगाना | फोन नम्बर |
|---|---|---|---|
| फेरीभ्यू  हेल्थ सेन्टर | 0.३ | 25 John Wilson Street, Woolwich, London, SE18 6PZ | ०२० ८३१९ ५४०० |
| त्रिवेणी पीएमएस | 0.४ | Escreet Grove Surgery, Escreet Grove, Woolwich, London, SE18 5TE. | ०२० ८८५४ ०१५७ |
| त्रिवेणी पीएमएस | 0.६ | 34 Plumstead Common Road, Plumstead, London, SE18 3TL | ०२० ८८५४ ०२२९ |
| थेमेस्मेअद  मेडिकल एसोसिएट्स | 0.६ | Heronsgate Medical Centre, Goosander Way, London, SE28 0ER | ०२० ८३३३ ५०५१ |

Chair: Richard Douglas CB    Chief Executive Officer: Andrew Bland

| | | | |
|---|---|---|---|
| सेन्ट मार्क्स पीएमएस | 0.७ | 24 Whottesley Road, Plumstead, London, SE18 3EP | ०२० ८८५४ ६२६२ |
| अल सेन्ट मेडिकल सेन्टर | 0.८ | 13a Ripon Road, Plumstead, London SE18 3PS | ०२० ८८५४ ३९६४ |
| सेन्ट मार्क्स पीएमएस | 0.८ | Nightingale Surgery, 19 Milward Walk, Woolwich, London, SE18 4DQ. | ०२० ८८५४ ७६८५ |
| वेभर्ली  पीएमएस | 0.८ | The Waverley Practice, 37 Waverley Crescent, Plumstead, London, SE18 7QU | ०२० ८१०२ २३२४ |
| कन्वेय  पीएमएस प्राक्टिस | 0.८ | 44 Conway Road, Plumstead, London, SE18 1AH | ०२० ८८५४ २०४२ |

तपाईं एन यच एस  वेबसाइट http://www.nhs.uk मा जान सक्नुहुन्छ जसले तपाइलाई  उपयोगी जानकारी र बिरामी द्वारा गरिएका समीक्षाहरू उपलब्ध  गराई तपाईंलाई आफ्नो निर्णय लिन मद्दत पुरयाऊँछ।

हामी  यी परिवर्तनहरूले तपाईंलाई कसरी असर गर्नेछ र सो प्रभावलाई कम गर्न हामीले के गर्न सक्छौं भन्ने बारे प्रतिक्रिया प्राप्त गर्न तपाईंलाई आमन्त्रित गर्न चाहन्छौं। यदि तपाईंले सो गर्न चाहेमा, कृपया हाम्रो टोलीलाई जुलाईको अन्त्यसम्ममा greenwich.primarycare@selondonics.nhs.uk मा सम्पर्क गर्नुहोस् ।

## वैकल्पिक सजरी मा दर्ता गर्ने बारे  थप जानकारी र सहयोग

हामी  अशक्त बिरामीहरू पहिचान गर्न र नयाँ  जीपी सर्जरी संग दर्ता गर्न थप सहयोग चाहिने व्यक्तिहरूको पहिचान गर्न क्लोभर हेल्थ सेन्टरसँग मिलेर काम गरिरहेका छौं। यदि तपाईंलाई सहयोग चाहिन्छ वा विशेष चिन्ता छ भने कृपया क्लोभर हेल्थ सेन्टरमा सम्पर्क गर्नुहोस्।

SCAN ME

हामीले वैकल्पिक सर्जरीमा दर्ता गर्न बिरामीहरूलाई सहयोग प्रदान गर्नको लागि हेल्थवाच ग्रीनविचको व्यवस्था गरेका छौं। तिनीहरू ३  जुलाई देखि प्रत्येक मङ्गलबार र बिहीबार दिउँसो १  बजे देखि ४:३०   सम्म  क्लोभर हेल्थ सेन्टरमा  हुनेछन्। तपाईं यी समय  मा   त्यहाँ गइ उनीहरूसँग कुरा गर्न सक्नुहुन्छ।
वैकल्पिक रूपमा, कृपया हेल्थवाचलाई  **info@healthwatchgreenwich.co.uk** मा आफ्नो सन्देश पठाउनुहोस् वा  **०७९० ३६८५ ५३४** मा फोन गर्नुहोस्

तपाईले हाम्रो वेबसाइट https://www.selondonics.org/in-your-area/greenwich/clover मा गइ थप जानकारी र तपाइको प्रश्न को जवाफ  पाउन सक्नुहुन्छ।

यदि तपाईंलाई यो पत्र अनुवाद भएको  चाहिन्छ भने, कृपया क्लोभर हेल्थ सेन्टरलाई ०२० ८३३१ ०५६७ मा फोन गर्नुहोस्। (Nepali)

- Ако имате нужда от помощ за превода на това писмо, моля, обадете се Clover Health Centre 020 8331 0567. (Bulgarian)
- Se hai bisogno di aiuto per tradurre questa lettera, chiama Clover Health Centre 020 8331 0567. (Italian)
- Nëse keni nevojë për ndihmë për përkthimin e kësaj letre, ju lutemi telefononi Clover Health Centre 020 8331 0567. (Albanian)
- Si vous avez besoin d'aide pour traduire cette lettre, veuillez appeler Clover Health Centre 020 8331 0567. (French)

भवदीय,

मरिया हाडन (Maria Howdon)
**असिस्टेन्ट डाइरेक्टर , प्राइमरी केयर ग्रीनवीच (Assistant Director, Primary Care Greenwich)**
**साउथ इस्ट लण्डन आइ सी एस (South East London ICS)**